नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

मिति २०७२/०१/१२ गते गएको विनाशकारी भूकम्पबाट भएको क्षतिको विवरण संकलन गर्ने र पीडितहरुको उद्धार तथा राहत वितरण गर्ने कार्य सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट आज मिति २०७२/०१/२७ गते पनि जारी रहेको छ ।

खोज, उद्धार तथा राहत वितरण गर्ने हेलिकप्टरहरू, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबलका सुरक्षाकर्मीहरु र निजामती तथा अन्य सेवाका राष्ट्रसेवक कर्मचारीहरु परिचालन गरिएको छ ।

हालसम्म प्राप्त जानकारी अनुसार मुलुकभर मृतक संख्या - ८०२०, घाइते - १६०३३, वेपत्ता - ३७५ पुगेको छ । भौतिक क्षति तर्फ सरकारी कार्यालय, मठमन्दीर, पाटीपौवा, शिक्षण संस्था, स्वास्थ्य संस्था तथा अन्य संघ संस्था समेत सरकारी क्षति पूर्ण - १६११ आंशिक - ११३३२ निजी क्षति पूर्ण - २००५४६, आंशिक - २०२८७० समेत पूर्ण - २०२१५७, आंशिक - २१४२०२ गरी कूल जम्मा ४१६३५९ घर क्षति भएको प्रारम्भिक विवरण प्राप्त भएको छ । विवरण प्राप्त हुने क्रम जारी रहेको छ ।

विदेशी राष्ट्र तथा संस्थाहरुबाट राहत प्राप्त हुने क्रम र प्रभावित जिल्लाहरुमा राहत पठाउने कार्य आज पनि जारी रहेको छ । राहत वितरणको लागि प्रभावित जिल्लाहरु र सम्बन्धित निकायहरुमा जम्मा २ अर्ब ८४ करोड ५४ लाख रकम निकाशा गरिसकिएको छ ।

प्रभावित क्षेत्रबाट टेन्ट/त्रिपालको माग अत्याधिक रुपमा भइरहेको छ । टेन्ट/त्रिपाल ठूलो परिमाणमा मित्रराष्ट्र भारतबाट २२९२९८ थान तथा अन्य मित्रराष्ट्रहरु चीन, थाइल्याण्ड पाकिस्तान, इण्डोनेशिया, जापान, कोरिया लगायतका राष्ट्रहरुबाट र स्थानीय विकास, शहरी विकास मन्त्रालयबाट समेत जम्मा ३४०२२१ थान प्राप्त भएको छ । उक्त टेन्ट/त्रिपाल सिन्धुपाल्चोक - ३८७२८, रसुवा - १०५२४, धादिङ - १४२१७, काभ्रे - २८४१०, नुवाकोट -२०२१०, सिन्धुली - २२४४०, ओखलढुङ्गा - १२०२४, रामेछाप - २६९५६, गोरखा - २९०९८, दोलखा - ३१५५३, मकवानपुर - १३९९८, काठमाण्डौ - ४३५६७, ललितपुर - २२८४१, भक्तपुर - २१०७१, लमजुङ - ४५८४ थान जिल्लाहरुमा पठाइसकिएको छ । यसका अतिरिक्त अन्य प्रभावित जिल्लाहरुमा स्थानीयस्तरबाट र रेडक्रस समेतबाट प्राप्त टेन्ट/त्रिपाल पठाइएको छ ।

पीडितहरु सबैले समानरुपमा राहत प्राप्त गर्न सकुन भन्ने लक्षित उद्देश्यका साथ राहत वितरणको कार्य भइरहेको छ । यसैबीच प्रभावित जिल्लाका सुगम स्थानहरुमा राहत वितरणमा धैरै संघ संस्थाहरुको संलग्नता रहेको, दुर्गम स्थानहरुमा राहत पुग्न नसकेको, राहत वास्तविक पीडितले पाउन नसकि अन्य व्यक्ति समुदायले लिने गरेको जस्ता सूचनाहरु प्राप्त भएका छन् । यस प्रकारका गतिविधिहरुले पीडामा परेका पीडितहरुलाई झन आघात पुग्न जाने र समानताका आधारमा राहत वितरण गर्ने लक्षित उद्देश्य पुरा हुन नसक्ने हुँदा त्यस्ता गतिविधि नगर्न/नगराउन गृह मन्त्रालय सम्बद्ध सबैमा आग्रह गर्दछ । राहत वितरणमा संलग्न संघ, संस्था लगायत सम्पूर्ण राहत वितरण कर्ताहरुलाई उल्लेखित गतिविधिहरुबाट सजग, सचेत, सावधान हुदै जिल्ला दैवी प्रकोप उद्धार समितिको सम्पर्क र समन्वयमा रहेर राहत वितरणको कार्य गर्न हुन समेत मन्त्रालय हार्दिक अपिल गर्दछ ।

**मितिः- २०७२/०१/२७**

(लक्ष्मीप्रसाद ढकाल)

प्रवक्ता